म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १६२ २०८१ वैशाख २१ गते शुक्रबार 3 May 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

डढेंलो नियन्त्रण गरौं, वातावरण जोगाऔं।

डढेलोले,
-वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
-वातावरणीय प्रदूषण बढाउँछ,
-भू–क्षय बढाउँछ,
-पानीको मूल सुकाउँछ,
त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**अस्पतालमा भीड**: बागमती प्रदेश सरकारको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहतको हेटौंडा अस्पतालको टिकट काउन्टरमा बिहिबार दिउँसो सेवाग्राहीको भीड । पछिल्लो समय हेटौंडा अस्पतालमा सेवाग्राहीको चाप बढेको छ । अहिले दैनिक एक हजार भन्दा बढीले ओपीडी सेवा लिने गरेका छन् । सेवाग्राहीको चापअनुसार सेवा, सुविधा विस्तारमा भने अस्पतालले ध्यान दिन सकेको छ । पछिल्लो समय रेडियोलोजिस्ट र अन्य विशेषज्ञ चिकित्सकले निजी स्वास्थ्य संस्थामा सेवा प्रदान गर्दा लिने शूल्कमा वृद्धि गरेसँगै सरकारी अस्पतालमा सेवाग्राहीको चाप बढ्ने अवस्था छ । जिल्लाका अन्य स्वास्थ्य संस्थाको स्तरोन्नति नहुनुले पनि हेटौंडा अस्पतालमा सेवाग्राहीको चाप बढेको छ ।

### मकवानपुरमा चैत मसान्तसम्म ७२ प्रतिशत राजस्व संकलन

# नक्कली बिजक प्रयोग गर्ने करदातालाई कारबाही

**समाज संवाददाता**

हेटौंडाः आन्तरिक राजस्व कार्यालय मकवानपुरले चालु आर्थिक वर्ष २०८०/०८१ को चैत मसान्तसम्म लक्ष्यको ७२ प्रतिशत राजस्व संकलन गरेको छ। चालु आर्थिक वर्षको ९ महिनामा कार्यालयले ६ अर्ब २९ करोड ५५ लाख ५ हजार ७ सय ६० रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा ४ अर्ब ५५ करोड ३४ लाख २९ हजार ८ सय २० रुपैयाँ राजश्व संकलन गरेको हो ।

कार्यालयले बक्यौतातर्फ १४ करोड १९ लाख ४४ हजार ३ सय रुपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा १२ करोड २८ लाख १७ हजार ६ सय २० रुपैयाँ संकलन गरेको छ। कार्यालयले लक्ष्यको ७९ प्रतिशत बक्यौता रकम संकलन गरेको हो ।

उक्त समयमा कार्यालयले ९० वटा पसलको अनुगमन गर्ने लक्ष्य राखेकोमा १८६ वटा पसलको अनुगमन गरेको छ । कार्यालयले बजार अनुगमनबाट ७७ हजार ४ सय रुपैयाँ जरिवाना गर्ने लक्ष्य राखेकोमा २ लाख ९९ हजार रकम जरिवाना असुल गरेको छ । यस्तै, कार्यालयले अनुगमन र समन्वयबाट ४१ वटा नयाँ फर्म दर्ता, १ हजार ९ सय ३४ नयाँ व्यावसायिक लेखा नम्बर दर्ता, १७ वटा कानुनी कारबाहीबाट मूल्य अभिवृद्धि करमा दर्ता, १ हजार ४ सय ४७ अन्त:शुल्क नवीकरण, २४ वटा मूल्य अभिवृद्धि कर दर्ता परीक्षण, द्रुत कर परीक्षणबाट ५ लाख २२ हजार ५० रुपैयाँ राजस्व संकलन र ९ वटा झुटा तथा नक्कली बिजक प्रयोग गर्ने व्यवसायीको अनुसन्धान गरेको छ ।

जिल्लामा १ लाख १५ हजार १ सय ६९ जना करदाता रहेका छन् । जिल्लामा कुल ४ लाख ६६ हजार ७३ जना जनसंख्या रहेकोमा २५ प्रतिशत करदाता भएको आन्तरिक राजस्व कार्यालय हेटौंडाले जनाएको छ । आयकरमा ३२ हजार ७ सय ८८ जना, मूल्य अभिवृद्धि कर (भ्याट)मा ५ हजार ६ सय ८१ जना, अन्त:शुल्कमा १ हजार ६ सय १५ जना, व्यावसायिक प्यानमा ६ सय ७३ जना र व्यक्तिगत प्यानमा ७४ हजार ४ सय ९ जना करको दायरामा समावेश भएका छन् । जिल्लाको कुल जनसंख्याको २५ प्रतिशत मानिस करको दायरामा आएको कार्यालयले जनाएको छ। व्यक्तिगत प्यान व्यक्तिले जुनै स्थानबाट पनि प्राप्त गर्न सक्ने हुनाले जिल्ला भित्रका मानिसले अन्यत्रबाट पनि प्यान लिएको हुनसक्ने कार्यालयले अनुमान गरेको छ ।

यस्तै, आर्थिक वर्ष २०७९/०८० मा १६ हजार ९ सय ७९ वटा उद्योग व्यवसायीले आय कर बुझाउन बाँकी रहेको कार्यालयले जनाएको छ । आर्थिक वर्षको साउन, भदौ र असोज महिनामा व्यवसायीहरुले आयकर बुझाउनुपर्ने व्यवस्था रहेको छ, तर व्यवसायीले आवश्यकता अनुसार ३ महिनासम्म आयकर बुझाउने म्याद थप्न सक्ने कार्यालयका प्रमुख तुलसीप्रसाद भट्टराईले जानकारी दिनुभयो । भट्टराईका अनुसार मकवानपुरमा धेरै करदाताले आयकर बुझाउन बाँकी रहेको बताउनुभयो ।

मानिसमा सरकारलाई आयकर बुझाउनु पर्छ भन्ने अज्ञानताले पनि राजस्व कार्यालयमा धेरै व्यवसायीहरु कर बुझाउन नआएको उहाँको भनाइ छ । हालसम्म ३ हजार २ सयभन्दा बढी उपभोक्ता समिति कर बुझाउन आएका छैनन् । उपभोक्ता समिति, गाउँका आमा समूह, कृषि समूहहरु गैरनाफामुखी संस्था नभएकाले आयकर बुझाउन नपर्ने भए पनि आय विवरण पेश गर्न आवश्यक रहेको भट्टराईले बताउनुभयो ।

यस्तै, राजस्व कार्यालयले मदिरा, सुर्ती तथा अन्य अन्त:शुल्कजन्य वस्तुको कारोबार गर्न अनुमति लिनुपर्ने जनाएको छ । तर धेरै व्यवसायीले अनुमति लिएको देखिएको छैन । कुनै व्यक्तिले आफ्नो कुल परम्परा एवम् संस्कृतिका लागि निजी उपयोग गर्न एक पटकमा पाँच लिटरसम्म रक्सी र दश लिटरसम्म जाँड बनाउन इजाजतपत्र लिन नपर्ने भए पनि रक्सी र जाँड वर्षको ६ पटकभन्दा बढी बनाउन नपाउने कानुनी व्यवस्था रहेको छ । रक्सी र जाँड बनाउने व्यक्तिले कर अधिकृतलाई सूचना दिनुपर्ने व्यवस्था रहेको छ ।

कार्यालय प्रमुख भट्टराईका अनुसार प्रत्येक व्यक्तिले सामान खरिद गर्दा बिल लिनुपर्ने र नलिएको अवस्थामा कर अधिकृतले जरिवाना गर्नसक्ने अधिकार भएकोसमेत जानकारी दिनुभयो । सोहीअन्तर्गत् सामान खरिदकर्ताले सामान किन्दा बिल लिन उहाँले आग्रहसमेत गर्नुभयो ।

कार्यालयले नक्कली बिजक प्रयोग गरेका ९ वटा करदातालाई कारबाही गरी ६ करोड राजस्व निर्धारण गरेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, 'हामीले विगतका दिनमा नक्कली बिजक प्रयोग गरी राज्यको राजस्व छली गरेका ९ जना कारदातालाई अनुसन्धान गरी ६ करोड राजस्व निर्धारण गरेका छौं । २ जना करदाताले ७ लाख ३७ हजार ८ सय ९८ रुपैयाँ राजस्व संकलनसमेत गर्‍यौं । अन्य ७ जना करदाता हामीसँग आउनुभएको छैन, अदालती प्रक्रियामा जानुभएको छ, अदालतले जे फैसला गर्छ हामी त्यही गर्छौं ।'

# वेष्टइण्डिज सिरिजमा एक्लै लडिरहेका ब्याटर

**भुपेन्द्र जीसी/अनलाइनखबर**

काठमाडौंः वेष्ट इण्डिज ए विरुद्ध सुरुवाती चार खेल सकिँदा नेपाल ३ खेलमा पराजित भएको छ । पहिलो खेलमा ४ विकेटले विजयी भएपनि त्यसपछि क्रमश: १० रन, ७६ रन र २८ रनले पराजित हुँदै एक खेल अगावै सिरिज गुमाउन पुग्यो । कप्तान रोहित पौडेलले ३ खेलमा १ शतक र २ अर्धशतकसहित २६५ रन बनाएका छन् । तर वेष्ट इण्डिजविरुद्ध खेलेका अरु १९ नेपाली खेलाडीले सिरिजमा ६० रन पनि कटाउन सकेका छैनन् ।



चार खेलमा नेपालले कुल २० खेलाडीलाई मौका दिएको छ । रोहितले दमदार प्रदर्शन गर्दा अन्य खेलाडीको प्रदर्शन बिर्सनलायक छ । रोहित बाहेक पूरा सिरिजमा नेपालबाट ५० रन कटाउने दुई खेलाडी मात्रै छन् । गुल्शन झाले ४ खेलमा ६० रन, दीपेन्द्रसिंह ऐरीले ४ खेलमा ५३, लोकेश बमले २ खेलमा ४५, कुशल मल्लले ४ खेलमा ४० रन बनाएर आउट भए । करण केसी १ खेलमा २८, अनिल साहले ३ खेलमा २०, कुशल भुर्तेलले ३ खेलमा, विनोद भण्डारी र सन्दीप जोर ाले १/१ खेलमा १९-१९ रनमा आउट भएका छन् ।

पहिलो खेलमा वेष्टइण्डिज ए ले दिएको २०५ रनको लक्ष्य १९.४ ओभरमा ६ विकेट गुमाउँदै पूरा गर्न रोहितले ११२ रनको शतकीय इनिङ खेलेका थिए । बाँकी ७ खेलाडी अनिल साह ५, दीपेन्द्र २४, विवेक यादव ७, प्रतिश जिसी ५, गुल्शन ९, कुशल भुर्तेल र कुशल मल्ल १९-१९ रन गरी ८२ रन बनाएका थिए ।

दोस्रो खेलमा १६१ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभरमा ९ विकेट गुमाउँदै १५० रनमात्र बनाउन सक्यो । रोहितले ७१ रन बनाउँदा त्यस दिन ब्याटिङ गरेका बाँकी १० खेलाडी लोकेश १७, कुशल भुर्तेल २, अनिल साह १, आरिफ शेख १२, आकाश चन्द ८, गुलशन झा २६, दीपेन्द्र र सोमपाल ३-३ तथा कुशल मल्ल र सागर ढकाल शून्य गरी कुल ७१ रन बनाएका थिए । तेस्रो खेलमा रोहितलाई विश्राम दिँदै नेपालले दीपेन्द्रको कप्तानीमा खेलेको थियो । उक्त खेलमा २२८ रनको लक्ष्य पछ्याएको नेपाल १९.२ ओभरमा १५१ रनमा अल आउट हुन पुगेको थियो ।

बिहीबार भएको चौथो खेलमा २१० रनको लक्ष्य पछ्याएको नेपाल २० ओभरमा १८१ रनमा अल आउट भयो । रोहित पौडेलले ८२ रन बनाउँदा अन्य १० खेलाडीले कुल ८९ रन बटुलेका थिए । जसमा अभिनाश बोहरा १७, सोमपाल कामी १०, कुशल मल्ल ४, कुशल भुर्तेल १, सन्दीप जोरा, दीपेन्द्रसिंह ऐरी र गुल्शन झाले १९-१९ रन बनाएका थिए । आसिफ शेख, प्रतिश जि.सी र ललित राजवंशी शून्यमा आउट भएका थिए ।

नेपालले पहिलो खेलमा २०६, दोस्रोमा १५०, तेस्रोमा १५१ र चौथो खेलमा १८१ गरी कुल ६८८ रन बनाएको छ । नेपालको ब्याटबाट ६४४ र अतिरिक्त ४४ रन पाएको थियो । टोलीको कुल रनमा रोहितको योगदान ४१.१४ प्रतिशत छ । रोहितले २३ चौका र १३ छक्का र अन्य ब्याटरले १५ छक्का र ३७ चौका प्रहार गरेका छन् । कप्तान रोहित अन्य ब्याटरले निर्णय लिन गल्ती गर्दा नतिजा नआएको बताउँछन् । 'मलाई लाग्छ अन्य ब्याटरहरु निर्णय लिन गल्तीहरु गरेका छन् । त्यसमा काम गर्न एकदमै आवश्यक छ । अलिकति धैर्य भएर काम गरे नतिजा आउँछ', उनले भने ।

रोहितले वेष्टइण्डिज एविरुद्धको खेलमा आफ्नो प्रदर्शन सन्तोषजनक भए पनि अझै सुधार आवश्यक रहेको बताए । 'मैले यो प्रतियोगिता राम्रो खेलेको छु । मेरो ब्याटबाट रन आइराखेको छ । तर मैले ठूलो इनिङ बनाउनुपर्छ', रोहितले आफ्नो प्रदर्शन बारे भने । दुई साताअघि ओमानमा भएको एसीसी प्रिमियर कपमा रोहितको प्रदर्शन अपेक्षा अनुसार हुन सकेन । कतारसँग १८, मलेसियासँग २८, हङकङसँग २५, साउदी अरेबियासँग १६, सेमिफाइनलमा युएईसँग ५ र तेस्रो स्थानको लागि भएको खेलमा हङकङसँग २१ रनमा आउट भएका थिए । यूएईसँग १८ बल खेल्दा ५ रन जोडेका थिए ।

तर दुई सातापछि नै रोहितको प्रदर्शनमा सुधार देखिएको छ । सट छनोट पनि त्यति नै राम्रा र आर्कषक छन् । निडरताका साथ आक्रामक क्रिकेट खेल्दै आएका छन् । निर्णय राम्रो लिँदा रन बनेको रोहित बनाउँछन् । 'पहिला र अहिलेमा केही फरक छैन । प्रिमियर कप सकेर आएपछि अभ्यास पनि धेरै गरेको छैन । तर निर्णय लिने काम राम्रो गरेको छु । पहिलो इनिङमा शतक आएपछि आत्मविश्वास पनि आएको छ', उनले भने ।

नेपालले बुधबार अर्को महिना अमेरिका र वेष्टइण्डिजमा हुने टी-२० विश्वकप खेल्ने १५ सदस्यीय टोली घोषणा गरेको छ । सुरुवाती तीन खेलको प्रदर्शनबाट पाँच खेलाडी बाहिर राख्दै १५ जना छनोट गरेको हो । रोहितले अहिलेको अवस्थामा यो नै नेपालको उत्कृष्ट टोली भएको बताए ।

# स्वास्थ्य स्वयम्सेविकालाई साइकल प्रदान



*स्वास्थ्य स्वयमसेविकालाई साईकल हस्तान्तरण गरिँदै ।*

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा-६ को स्वास्थ्य चौकीले ४ जना स्वास्थ्य स्वयम्सेविकालाई साइकल प्रदान गरेको छ । बिहीबार ६ नम्बर वडा कार्यालयको आयोजनामा जनता स्वास्थ्य घरदैलो तथा योजना तर्जुमा गोष्ठी कार्यक्रमअन्तगर्त वडाभित्र रहेका ४ जना स्वयम्सेविकाहरुलाई प्रोत्साहनस्वरुप साइकल वितरण गरिएको महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका रेखा मैनालीले जानकारी दिनुभयो ।

साइकल वितरण हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले गर्नुभएको थियो । कार्यक्रममा वडा नम्बर ६ का वडा अध्यक्ष विष्णु दहालको प्रमुख आतिथ्य रहेको थियो ।

## प्रशिक्षार्थी कर्मचारी आवश्यकता

यस समृद्ध समाज राष्ट्रिय दैनिकका लागि बजार प्रतिनिधिको रुपमा काम गर्ने गरी तपसील बमोजिम प्रशिक्षार्थी कर्मचारी आवश्यक भएकोले योग्य नेपाली नागरिकबाट २०८१ साल बैशाख २८ गतेभित्र दरखास्त आव्हान गरिन्छ ।

**तपसील**

पदः बजार प्रतिनिधि (प्रशिक्षार्थी)
आवश्यक संख्याः २ (दुई) जना
शैक्षिक योग्यताः व्यवस्थापन संकायमा १२ कक्षा उत्तीर्ण ।
ग्राह्यताः स्नातक तह अध्ययनरत । मोटरसाइकल/स्कुटर चलाउन सक्ने, सवारी चालक अनुमतिपत्र भएको, अनुभवी ।
आवश्यक कागजातः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन ।

**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, अजरअमररोड**
**०५७-५२६८३०/९८५५०६८२२७**

## डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढैंलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढैंलो निभाऔं । डढैंलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

## सम्पादकीय

# नाममात्रको स्थानीय पाठ्यक्रम

नेपालमा अहिले विद्यालय तहको संरचनाअन्तर्गत् कक्षा ८ सम्मलाई आधारभूत र ९ देखि १२ सम्मलाई माध्यमिक तह भनिन्छ । विद्यालय शिक्षालाई स्थानीय तहअन्तर्गत् रहने व्यवस्था भएसँगै कतिपय गाउँ/नगरपालिकाले नयाँ-नयाँ अभ्यास गर्दै आएका छन् । पछिल्लो पटक पाठ्यक्रमको प्रारुपमा भएको परिवर्तनले कक्षा १ देखि ८ सम्मको एउटा विषयको पाठ्यक्रम बनाउने अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय तहले आवश्यकताअनुसार १०० पूर्णाङ्कको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी पठनपनठन गर्न पाउने स्वायत्तता पाएका छन् । देशका ७५३ वटै स्थानीय तहहरु भौगोलिक, सामाजिक, आर्थिक, सांस्कतिक, धार्मिक, भाषिक, प्राकृतिक स्रोत तथा साधनका आधारमा विविधतापूर्ण छन् । यसैले स्थानीय आवश्यकतालाई मध्यनजर गरी स्थानीय तहहरुले आधारभूत तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी कार्यान्वयनमा ल्याएका छन् ।

स्थानीय पाठ्यक्रम प्रारुप २०७६ तथा आधारभूत शिक्षा पाठ्यक्रम २०७६ को व्यवस्थाअनुसार स्थानीय तहले स्थानीय विषयको पाठ्यक्रम बनाएर लागू गर्न थालेका हुन् । पाठ्यक्रम निर्माणका लागि सरकारले स्थानीय पाठ्यक्रम निर्माण निर्देशिकासमेत जारी गरेको छ । कतिपय स्थानीय तहले पाठ्यक्रम निर्माणका लागि विभिन्न गैरसरकारी संस्थाको सहयोगसमेत लिइरहेका छन् । मुलभूतरुपमा आफ्नो स्थानीय तहको सेरोफेरोलाई समेट्ने प्रयास स्थानीय विषयका पाठ्यक्रमले गरेका छन् । मकवानपुर जिल्लाका अधिकांश पालिकाहरुले स्थानीय विषयका पाठ्यक्रम कार्यान्वयनमा ल्याइसकेका छन् । हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, मकवानपुरगढी, मनहरी, राक्सिराङ, भीमफेदी, बागमती र इन्द्रसरोवर गाउँपालिकाले स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याएका हुन् । कैलाश र बकैया गाउँपालिकाले पनि पाठ्यक्रम तयार गरिरहेका छन् । हेटौंडा उपमहानगर पालिकाले गत शैक्षिक सत्रमा कक्षा ३ सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याएकोमा चालु शैक्षिक सत्रबाट कक्षा ८ सम्म नै स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्ने निर्णय कार्यपालिका बैठकले गरेको छ ।

आधारभूत तह (कक्षा ८ सम्म) अध्ययनरत विद्यार्थीलाई स्थानीय परिवेशका प्राकृतिक, भौगोलिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, सामाजिक तथा वातावरणीय ज्ञान, सिप प्रदान गरी तिनको संरक्षण र सम्वर्द्धनका लागि स्थानीय पाठ्यक्रम सहयोगी हुनेछ । मकवानपुरका केही पालिकाले स्थानीय विषयको पाठ्यक्रमसँगै पाठ्यपुस्तक पनि निर्माण गरिसकेका छन् भने केहीले पाठ्यक्रममात्र तयार गरी त्यसैको आधारमा विद्यालयहरुमा पठनपाठन सुरु गरेका छन् । हेटौंडा उपमहानगरपालिकाले पनि पाठ्यक्रम निर्माण गरेर त्यसैको आधारमा एक सय पूर्णाङ्कको स्थानीय विषय पठानपाठनका लागि विद्यालयहरुलाई निर्देशन दिएको छ । तर, उपमहानगरपालिकाभित्रका सबै विद्यालयले त्यसको प्रभावकारी कार्यान्वयन गरेका छैनन् । कतिपय सामुदायिक तथा संस्थागत विद्यालयले स्थानीय विषयको रुपमा आफूखुशी अंग्रेजी, गणित, कम्प्युटर वा अन्य विषयको अध्यापन गराउनुले स्थानीय पाठ्यक्रम पूर्ण कार्यान्वयनमा आउन नसकेको हो ।

हाम्रो विद्यालय शिक्षामा पाठ्यक्रमभन्दा पनि पाठ्यपुस्तकमा आधारित शिक्षण हुने गरेको छ । पढाउने शिक्षक र पढ्ने विद्यार्थी दुबैले पाठ्यक्रमलाई भन्दा पाठ्यपुस्तकलाई उच्च महत्व दिएर पठनपाठन गर्ने परिपाटी रहेका कारण पाठ्यक्रममात्र बनाइएका स्थानीय विषयको कार्यान्वयन नाममात्रको देखिएको हो । विद्यार्थी तथा अभिभावकमा देखिएको अंग्रेजी भाषाको मोह, सूचना प्रविधिको आकर्षण तथा विद्यार्थीलाई गणित विषयमा पोख्त बनाउने नाममा स्थानीय पाठ्यक्रमको कार्यान्वयन ओझेलमा परिरहेको यथार्थ हो । स्थानीय विषयका लागि कक्षा १-३ मा ५ र कक्षा ४-८ मा ४ पाठ्यघण्टा छुट्याइएको भए पनि त्यसको कार्यान्वयन भएको छ वा छैन भन्ने अनुगमन र नियमन स्थानीय तहबाट हुनुपर्छ । पाठ्यक्रम कार्यान्वयनमा ल्याइसकेपछि त्यसको अक्षरस पालना गर्न गराउन स्थानीय तह गम्भीर नहुँदासम्म स्थानीय पाठ्यक्रम नाममात्र हुने र कागजमा मात्र कार्यान्वयन हुने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सवारी साधनबाट बँच्दा बचाउँदा राम्रो होला ।
**वृष** : रोकिएका धन आगमन खोलिने समय छ ।
**मिथुन** : चुनौती झेलेर अगाडी बढिने समय योग छ ।
**कर्कट** : साहित्यिक क्षेत्रका काममा मन जाने समय योग छ ।
**सिंह** : घर-परिवारको सहयोगले काममा पूर्णता होला ।
**कन्या** : सामाजिक कृत्यमा सरिक भइने समय छ ।
**तुला** : कुरा काट्नेहरुले केही गर्न सक्ने छैनन् ।
**वृश्चिक** : कमी कमजोरीसँग सर्तकता अपनाउँदा राम्रो ।
**धनु** : धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।
**मकर** : पढाई-लेखाई मध्यमकारक रहने समय छ ।
**कुम्भ** : व्यापार-व्यवसाय मध्यमकारक रहेको देखिन्छ ।
**मीन** : सामाजिक र साँस्कृति कृत्यमा सरिक भइने समय योग

# टिकाउपन र शैक्षिक स्तरीयतामा विद्यार्थी भर्ना अभियानको सार्थकता



✍ **रमेश प्रसाद लामिछाने**

१. वर्तमान नेपालमा विद्यालय तहको शैक्षिक सत्र बैशाख महिनाबाट शुरु हुन्छ । यस महिनाको पहिलो र दोश्रो साता विद्यार्थी भर्नाका विभिन्न कार्यक्रमहरु संचालन हुँदै आएका छन् । पछिल्लो एक दशक वर्ष यता भर्ना अभियानलाई सरकारले उच्च प्राथमिकता दिएको पाईन्छ । अभिभावकविहिन बालबालिकाको अभिभावकत्व ग्रहणको कार्यक्रम, घरदैलो अभियान, सरकारी तथा गैरसरकारी मिडियामा भर्ना विज्ञापन, भर्ना सचेतना न्याली, ब्यानर प्रदर्शन, पोष्टर पर्चा वितरण, माईकिङ, आकर्षक सुविधाका प्याकेज र शैक्षिक सामग्री वितरण, निशुल्क, खाजा व्यवस्था, जस्ता अनेकौं उपाय मार्फत सरकारी स्कूलमा विद्यार्थी भर्ना अभियानमा शिक्षा मन्त्रालय, शिक्षक, स्थानीय जनप्रतिनिधिहरु, शिक्षा सम्वद्ध गैरसरकारी संस्थाहरु लागी परेको अवस्थालाई सकारात्मक भन्नै पर्दछ ।

विद्यालय बाहिर कुनै पनि बालबालिका रहनु हुँदैन भन्ने अवधारणा अर्को महत्वपूर्ण सवाल हो । घर-घरमा अनि चोक चौतारीमा गएर जम्मा गराएर भर्ना गर्ने, सडक तथा होटल लगायतका स्थानमा रहेका केटाकेटीलाई विद्यालयमा प्रवेश गराउने अर्थात बालश्रममुक्त राष्ट्रको सन्देश दिने प्रयत्नमा जुटेको स्थितिलाई प्रशंसा गर्नै पर्छ । यी तमाम प्रयत्नका बावजुद अझै एक लाख भन्दा बढी बालबालिकाहरु विद्यालय बाहिर रहेको सरकारी तथ्याङ्क मिडियामा आएको छ । नीजि स्कूलहरु एक प्रकारका नाफामूलक व्यवसाय नै हुन् । उनीहरुले भर्नाका लागि अपनाउने सबै हथकण्डाहरु स्वभाविक नै भन्नु पर्दछ । एकाध बाहेक अधिकांश सम्पन्न अभिभावक नै नीजि स्कूलका स्थायी आयश्रोत देखिएका छन् ।

२. शिक्षा तथा मानव श्रोत विकास केन्द्रको तथ्याङ्क अनुसार २०६६ सालमा कक्षा १ मा १३,६२,९२० जना विद्यार्थीहरु भएकोमा यहि विद्यार्थी कक्षा २ मा २०६७ सालमा ९,९३,९१६ जना, यहि विद्यार्थी २०६८ सालमा कक्षा ३ मा ८,९५,१५३ जना, यसैगरी २०६९ सालमा कक्षा ४ मा ८,०९,५०४ जना र यहि विद्यार्थी २०७५ सालमा कक्षा १० मा ४,५६,४७६ जना पुगेको तर एसईईमा भने ४,५०,१८६ जना मात्र सहभागी भएको जनाइएको छ । उक्त तथ्याङ्क वास्तविक हो भने उल्लेखित दश वर्षको अवधिमा ९,१२,७३४ जना विद्यार्थीहरु हराएको देखिन्छ । कक्षा १ मा भर्ना भएकाहरु मध्ये कक्षा १० को अन्तिम परीक्षा एसईईमा पुग्दा करिब एक तिहाई विद्यार्थीमात्र पुग्नु गम्भिर विषय मात्र नभई शिक्षा मन्त्रालयका लागि चुनौतिपूर्ण एजेण्डा बनेको छ । कक्षा १ मा भर्ना भएका मध्ये कक्षा १० मा ३३ प्रतिशत अनि स्नातक तहमा तिनै विद्यार्थी १५ प्रतिशत र स्नात्तकोत्तर तहमा पुग्दा ६ प्रतिशत भन्दा कम भएको तथ्यहरु बोलिरहेका छन् ।

विद्यार्थी ड्रपआउट हाम्रो सन्दर्भमा चिन्ताजनक अवस्था स्विकार गरिएको छ । यत्ति ठूलो संख्याका विद्यार्थी कहाँ गए ? विद्यार्थी हराउनुका कारणहरु के-के हुन सक्छन् ? यो विद्यार्थी हराउने दर कसरी न्यून गर्न सकिन्छ ? हाम्रो तीनै तहका सरकारका अतिरिक्त राजनीतिक पार्टीहरु र शिक्षा विज्ञहरुले गहिराईमा पुगेर तथ्यपरक धरातलबाट विश्लेषण गरी समाधानका उपायहरु देखाउनै पर्दछ । विद्यार्थी भर्ना गराउन जत्ति लगानी र प्रयासहरु हुन्छन् त्यसको तुलनामा भर्ना भएका विद्यार्थी विद्यालयमा टिकाउने प्रयत्न अत्यन्तै कमजोर भएकै हो । के कारणले स्कूल छाडेका हुन् ? ती कारणको निदान र सो रोकथामका अभ्यास तर्फ आम जिम्मेवार वर्गको अपेक्षित ध्यान नपुगेकै हो ।

३. करिब दुई दशक वर्ष अघि हाम्रा सरकारी विद्यालयको अवस्था नाजुक भएको तथ्य स्विकार्नै पर्दछ । सरकारले विद्यार्थी संख्या नभएका स्कूलहरु मर्ज गर्ने अवधारणा ल्याएको हामी सबैलाई थाहा छ । जति जना विद्यार्थी त्यत्ति जना शिक्षक भनेर अखबारमा छापिएको हिजो जस्तो लाग्छ । यहि सन्दर्भमा, सामुदायिक स्कूलहरुले अंग्रेजी माध्यम प्रारम्भ गरेका हुन् । यद्यपि, यो कामको नीजि स्कूलहरुले तिखो आलोचना गर्दै आएका छन् । पछिल्लो दशकमा सरकारी स्कूलहरु मध्ये केहि स्कूलहरुले उलेख्य प्रगति गरेको यथार्थ हामीले देखेका छौं ।

२०७२ सालको भूकम्प पश्चात सरकारी स्कूलका भौतिक संरचनाहरु राम्रा, आकर्षक बलिया, सुविधा सम्पन्न बनेका छन् । प्रविधिमैत्री शिक्षामा तीव्र प्रतिस्पर्धा चलिरहेको छ । कम्प्युटर ल्याव नभएका स्कूलहरु अत्यन्त न्यून छन् । धेरैमा इन्टरनेट सेवा उपलब्ध छ । कुनैबेला ब्ल्याक बोर्डको अभाव भएका स्कूलहरुका कक्षा कोठाहरु अहिले स्मार्ट बोर्डबाट सज्जित भएका छन् । कुनैबेला चक, डस्टरको अभावमा विद्यार्थीका कपीमा हिसाब गर्दै बुझाउने शिक्षकहरु आज गर्वपूर्वक ल्यापटपसहित कक्षाकोठामा उपस्थित भै प्रोजेक्टर मार्फत अत्याधुनिक शिक्षण सिकाई गरिरहेका छन् । हिजोको पढाई आज सिकाईमा रुपान्तरण भइसकेको छ । यस्ता विद्यालयका शिक्षकहरु पनि लगनशील, सक्षम र कर्तव्यनिष्ठ अनि उदाहरणीय भएकै कारणले भर्नाका लागि सांसद, मन्त्री र उच्च प्रशासकमा गुहार माग्ने स्थिति हामी देखिरहेका छौं । भर्नाका लागि प्रवेश परीक्षामा हजारौंको मेला जस्तो भिड लागेको दृश्य पनि देखिएकै छ । भर्ना गर्दा नै छनौट गरी राम्रा मात्र रोज्ने चलन शुरु भइसकेको छ । यी स्कूलका नतिजा नीजिको भन्दा अब्बल रहेको छ ।

४. केहि सरकारी स्कूलहरुमा बैशाख महिना नआए हुन्थ्यो जस्तो लागेको स्पष्टै देखिन्छ । भर्ना अभियान फलामे चिउरा सावित भए झैं लाग्छ । चैतको दोश्रो सातातिर परीक्षा सकेर बिदा गरेका स्कूलहरु चैतकै अन्तिम हप्तातिर रिजल्ट गरी बैशाखको दोश्रो सातातिर मुस्किलले स्कूल खोल्ने भनिन्छ । भर्ना अभियान पनि अल्छी मानेर औपचारिकता पूरा गरे जस्तो देखिन्छ । आफ्ना केटाकेटी नीजिमा पुऱ्याएर हाम्रा चाहीँ भर्ना गरिदिन भन्दै आउने लाजशरम पचेकाहरु भनेर टिप्पणी गर्दा जवाफमा बालअधिकारका व्याख्या गर्दै उम्किने शिक्षक पनि नभएका होईनन् । यद्यपि हाल एकाध पालिकाले आफ्ना नानीहरुलाई सरकारी स्कूलमै पढाउन शिक्षक कर्मचारीलाई बाध्यात्मक निर्णय गरेको पनि हामीले सुनेका छौं । भर्नाका लागि आकर्षक सुविधाका वर्षा गराउँदा पनि विद्यार्थी नगएका कारण शुन्य र शान्त स्कूल हेरेर बच्चा नै छैनन्, गाउँमा जम्मै वृद्धवृद्धाले मात्र भरिएको छ, युवा सबै बाहिर भन्दै चित्त बुझाउँदै हाजिर हुँदै हिँड्ने पनि नभएका होईनन् ।

केहि शिक्षकमा त म स्थायी शिक्षक स्वतः तलब पाउँछु यदि कक्षामा पढाउन सिकाउन जाने हो भने त कर्मचारीको जस्तो अलग भत्ता हुनुपर्छ भन्ने पनि हामीले सुनेका छौं । कम्प्युटर ल्यावमा माकुराको जालो, धुलो र फोहरले कुनै चल्ने स्थिति हुँदैन । विज्ञान प्रयोगशाला त्यस्तै फोहरले सामानै चिन्न नसकिने हुन्छ । यी सरकारी स्कूललाई सिध्याउने प्रवृत्ति अझै देखिनु भनेको सम्बन्धितहरुले कलंकित बन्दै प्रकारान्तरमा दुखद अन्त्य निम्त्याउनु भन्ने बुझ्नु पर्दछ । यस्तै ठाउँको लगानी बालुवामा पानी भनिएको हो । अनि विद्यार्थी खोज्दा हैरानी किन नहोस् ?

५. अन्तमा, शैक्षिक स्तरीयतासँग सम्झौता नगर्ने संस्कार समुदायमा विकास हुनु राम्रो संकेत हो । उपलब्ध साधन, श्रोतको सक्दो उपयोग गर्दै स्तरीय र व्यवहारिक शिक्षा प्रदानमा अधिकांश सरकारी स्कूलहरु जुट्नु राम्रो लक्षण भन्नै पर्दछ । प्राविधिक शिक्षाका कक्षाहरु संचालन गर्नु, गरेर सिक्ने व्यवहारिक शिक्षामा जोड दिनु, बालबालिकाको सुरक्षा र संस्कारयुक्त शिक्षामा शिक्षकहरु चिन्तित देखिनु, परम्परागत होमवर्कबाट मुक्त गर्दै विद्यार्थीलाई प्रोजेक्ट वर्क, क्षमता विकास र प्रतिभा प्रस्फुटनका लागि बुक फ्रि डे को अवधारणा, सीपमूलक कक्षाको प्राथमिकता, सिकाईका अत्याधुनिक विधिहरुको प्रयोग, प्रविधिको अधिकतम उपयोग, स्तरीय नतिजाका कारणले आज सरकारी स्कूलहरु नीजिका लागि चुनौति बन्दै गइरहेको अवस्था पनि अर्को वास्तविकता हो । तसर्थ, भर्ना मात्र होइन, भर्ना भएकाको टिकाउपन महत्वपूर्ण पक्ष हो । आर्थिक विपन्नता, पारिवारिक समस्या, बसाईंसराई जस्ता मात्र ड्रपआउटका कारण हैनन् भन्ने बुझ्नु पर्छ । विद्यार्थीको विद्यालय छाड्ने मनोविज्ञान र उनीहरुलाई टिकाउने उपायका सवालमा सुक्ष्म ढंगले बहसका लागि यो आलेख विषय उठानमा केन्द्रित रहेको छ ।

*(लामिछाने सेवानिवृत्त शिक्षक हुनुहुन्छ ।)*

# हेटौँडा शहरको भौतिक विकास



✍ **रघुनाथ पौडेल**

स्वनिर्मित प्राकृतिक विविधताका क्षेत्रमा मानिसले आफ्नो अनुकुल गर्ने परिवर्तन र परिष्कारको कामलाई भौतिक विकास भन्न सकिन्छ । यस कार्यमा भौतिक विचार र वस्तुहरुको प्रयोग गरिन्छ । भौतिक विकासले सहरको समग्र विकासमा आधारको काम गर्दछ । यसले शहरमा सुविधा र सुन्दरताको विकास हुन्छ । हेटौँडा शहरको भौतिक विकासका क्षेत्रमा गर्नुपर्ने अनेक काम छन् ।

**१) यातायातको विकास** : यस शहरमा हवाई सेवाको व्यवस्था गर्नुपर्ने देखिन्छ । शहर वरिपरि घुमाएर बनाइएको पिचबाटोलाई रिङरोड भन्दछन् । कुनै पनि रिङ जस्तै घुमेको हुनाले यस्तो बाटोलाई रिङरोड भनिएको हो । यस शहरमा रिङरोड बनाउनु पर्दछ । नदि, खहरे, खोल्सामाथिको बाटोलाई पुल भन्दछन् । यो रोड बनाउनु पर्ने कतिपय स्थानका खहरे र खोल्साहरुमा पुलेसाहरु बनाउनु पर्ने हुन्छ । बस्तीपुर-पदमपोखरी बीचको राप्तीमाथि पुल बनाउनै पर्दछ । रातोमाटे र फुर्केचौरसम्मको चुरेवस्तीका बीचमा मोटरबाटो बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

**२) नहर, ढल र नाला निर्माण**: बर्षामा मनकामना पहाडबाट झरेको पानी कर्राखोला र राप्ती नदीमा निकास गराउन पूर्व-पश्चिम लम्बाइको नहर निर्माण गर्नुपर्ने देखिन्छ । यो नहर पहाडको फेदीमा बनाउनु पर्दछ । शहरका विभिन्न रोडका किनाराहरुमा नाला र ढल बनाउनु पर्ने काम बाँकी नै रहेकाले यो शहर भौतिक दृष्टिले व्यवस्थित हुन सकिरहेको छैन । कान्तिराजपथ सधैँ दुई नालाको पर्खाइमा शहरको बीचका सुतिरहेको छ । दक्षिणतिर मकवानपुर रोडमा पनि त्यस्ता नाला बनाउनै पर्दछ ।

**३) तटबन्ध र उच्च बाध निर्माण** : नदी, खोला, खहरे, खोल्साहरुका दुई छेउमा पर्खाल लगाएर जमिन बाँध्नुलाई तटबन्ध भन्दछन् । हेटौँडा शहरअन्तर्गतका राप्ती नदी, कर्रा खोला, त्रिवेणीधाममा कर्रा र राप्तीमा मिसिएकी उत्तरबाहिनी सानी गङ्गा र त्यस पूर्वका पाँच खहरेहरु, मनकामना पहाडबाट निस्केर शहरका विभिन्न भाग हुँदै कर्रामा मिसिएका नौ खोल्साहरु सबै तटबन्ध र उचाइमा रहेका देखिन्छन् । जमिन र सौन्दर्यको बचाउ गर्न तिनका तट र बीच-बीचमा उच्चबाँध गर्नुपर्दछ ।

**४. पानी ट्याङ्की र ठूलो पाइपलाइन स्थापना** : यस शहरमा खानेपानी समस्या समाधान गर्नुपर्ने आवश्यकता पनि छ । शहरका केही टोल-बस्तीमा कुनै समय खानेपानीको समस्या भइरहेको छ । यो समस्या हटाउन चुरे पहाडका तल्ला भागमा केही पानीट्याङ्की निर्माण गरी पाइपलाइनबाट तिनका पानी वितण गर्नुपर्ने देखिन्छ । महाभारत पहाड जडीबुटीहरुको भण्डार हो । राप्ती नदीको स्रोतका रुपमा रहेको यस पहाडबाट बग्ने यस जडीबुटीको जराको रस समेत मिसिएकोले त्यो पानी औषधीय गुणयुक्त देखिन्छ । सफा र चिसो त्यो पानी उपयोग गरेमा स्वास्थ्य क्षेत्रमा वरदान हुनेछ । उचाइमा पहाड र मैदानमा शहर रहेकाले राप्तीको पानी ठूलो पाइपलाइनबाट ल्याएर शहरमा वितरण गर्न सम्भव पनि छ । हेटौँडाबासीले यो काम गर्न नयाँ सन्तति पर्खनु हुँदैन । त्रिवेणीधाम आइपुग्ने उत्तरवाहिनी सानी गङ्गाको पानी पनि उपयोगमा ल्याउनु पर्दछ ।

**५. कुवा र इनारको स्तरोन्नति** : मनकामना पहाडबाट निस्केका पानीका चार कुवाहरु छन् । ती मध्ये एक कुवा मेटिइसकेको छ । बानियाँटोल र मकवानपुर शिव-मन्दिर आसपास पनि एक-एक कुवा छन् । चिसापानी र गर्दैमा एक-एक इनार छन् । ती सबै अव्यवस्थित रहेकाले शहरका बासिन्दाहरु तिनको स्तोन्नतिमा लाग्नु पर्दछ ।

**६) सौर्य उर्जाको उपयोग** : आधुनिक युग सौर्य उर्जा प्रयोगको युग भएकाले यस शहरका घर-घर र उद्योगहरुमा यसको प्रयोग-प्रविधि विकास गर्नै पर्दछ । यो यस शहरको भौतिक विकासको अर्को मुख्य पाइला हो ।

**७) वृक्षारोपण र जङ्लको स्तरोन्नति** : हेटौँडा शहरको आद्योगिक क्षेत्र, फरेष्ट्री क्याम्पस र राप्ती क्षेत्रमा रहेका स्वनिर्मित एवम् मानव निर्मित जङ्गलको अव्यवस्थित प्रयोग भइरहेकाले तिनको स्तरोन्नति गर्न ती भित्रका अनावश्यक लत्ता, झार, बिरुवा र सडे-गलेका बस्तुहरु हटाएर खाली स्थानमा सल्लो, रक्तचन्दन, श्वेतचन्दन, ओखर जस्ता उपयोगी रुख-विरुवाहरु रोपेर यस शहरमा वृक्ष सुन्दरता

....बाँकी पृष्ठ ३ मा

# कक्षा कोठामा जान्छु मलाई छुट्टै उर्जा मिल्छ

रोजगारी, आम्दानी, बचत र सुख आम मानिसको आधारभूत योजनामा रहन्छ । मकवानपुरको ग्रामीण क्षेत्र बागमती गाउँपालिकामा जन्मे, हुर्केका अमृत कुमार लामाले मकवानपुरको बकैया गाउँपालिकाको एक विद्यालयमा ५ वर्ष निजी स्रोतको शिक्षकको रुपमा काम गर्नुभयो । परिवारको आर्थिक अवस्था कमजोर भएकै कारण निजी स्रोतको शिक्षकको जागिर छाडेर लामा २०७२ सालमा दुवई पुग्नु भयो । करिब ७ वर्ष खाडीमा श्रम गरेपछि २०७८ सालमा देश फर्कनुभएका लामाले २०८० सालमा शिक्षक सेवा आयोगले लिएको परीक्षामा प्राथमिक तहको शिक्षकमा छनोट भएर अहिले सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिका-२ स्थित जनता आधारभूत विद्यालयको शिक्षकको रुपमा सेवा सुरु गर्नुभएको छ । देशमै शिक्षक भएर काम गर्दा गर्दै विदेश पुगेर श्रम गरेको ७ वर्षपछि पुन: देशमै सेवा गर्न फर्कनुभएका लामासँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानीको सम्पादित अंश:



**अमृतकुमार लामा**
**शिक्षक, जनता आधारभूत विद्यालय**
**हरिहरपुरगढी गाउपालिका, सिन्धुली**

**समाज : स्थायी शिक्षक भइसकेपछि तपाईंको पहिलो महिनाको अनुभव कस्तो रहेको छ ?**
**लामा :** अहिले खासै पढाई भएको छैन । भर्ना अभियान चलिरहेको छ । त्यहाँको अवस्था बुझ्दा मुख्य त राई बस्ती भएको र अलि पिछडिएको अनुभव गरे । त्यहाँ स्थायी शिक्षक पनि कम रहेका छन् । ३ जना मात्र स्थायी र बाँकी अस्थायी हुनुहुन्छ । विद्यार्थी संख्या पनि कम छ । जस कारण शिक्षाको वातावरण पनि कम प्रभावकारी रहेको महसुस गरेको छु । धेरै मिहिनेत गर्न जरुरी रहेको छ ।

**समाज : विद्यालयले भर्ना अभियानमा के-के क्रियाकलापहरू गरेको छ ?**
**लामा :** हामी त्यहाँ गइसकेपछि पहिला स्टाफ बैठक बस्यौं । मेरो पहलमा नै बैठक बसिएको हो । कसरी भर्ना अभियान चलाउने के-के नारा राख्ने र विद्यार्थीहरुको नियमित उपस्थितिको विषयमा छलफल गरिएको थियो ।

**समाज : विद्यार्थी संख्या कति वृद्धि भयो ?**
**लामा :** त्यहाँको बस्ती पातलो छ र आसपासमा नै २ वटा विद्यालयहरु पनि रहेको हुँदा विद्यार्थी संख्या न्यून रहेको छ । साना विद्यार्थीहरु ठूलो दादा-दिदीसँग अरु विद्यालयमा जाने गरेका छन् । यहि कारण यहि वर्षबाट ८ कक्षासम्म अध्ययन हुने विद्यालय घटेर ५ कक्षामा झरेको छ ।

**समाज : तपाई ७ बर्ष विदेशमा श्रम गरी नयाँ जोश लिएर आउनुभएको छ, तपाईले कतिको मिहिनेत गर्नुपर्ने छ अब ?**
**लामा :** समुदायको प्रकृति हेर्दा नसकिने पो हो कि भन्ने लाग्छ । तर पनि जीवन हो, हार मान्नु हुँदैन । म आफु जस्तै टिम बनाउने हो भने अझ जोशका साथ काम गर्ने छु ।

**समाज : तपाईंको विद्यालयमा तपाइँसहित जम्मा २ जना मात्रै स्थायी शिक्षक हुनुहुन्छ ?**
**लामा :** विद्यालयमा ११ जना शिक्षक, कर्मचारी कार्यरत छौं । जसमा एक जनाको स्थायी शिक्षा जो प्रधानाध्यापक हुनुहुन्छ । उहाँको पनि २ बर्ष कार्यकाल मात्र बाँकी रहेको छ ।

**समाज : तपाई जुन भिजनका साथ अहिले अघि बढ्नुभएको छ, अबको दिनमा कस्तो भूमिका निर्वाह गर्छु भन्ने सोच राख्नुहुन्छ ?**
**लामा :** म सामुदायिक विद्यालयलाई निजीको हाराहारीमा लग्न चाहन्छु । यसका लागि विद्यार्थीहरुको निरन्तर मूल्याङ्कन हुनु पर्छ । यो त्रैमासिक नभई प्रत्येक एकाई सकिएपछि परीक्षा लिने गर्ने हो भने म सामुदायिक विद्यालयलाई निजीको सरह पुऱ्याउन सफल हुनेछु । म धेरै नियममा टेकेर काम गर्ने छु ।

**समाज : तपाईले विद्यालयमा के कमजोरी देख्नुभयो ?**
**लामा :** दोहारो कमजोरी रहेको छ । शिक्षक विद्यार्थी दुबैको उपस्थिति कम छ । विद्यालयमा भौतिक अवस्था, वातावरण सबै उचित छ । बस कमजोरी भनेको नियमित उपस्थित नहुनु हो ।

**समाज : तपाईले आफ्नो अध्ययन सकाएपछि निजी श्रोतको रूपमा काम गर्नु भएको थियो, के कारणले तपाई विदेश जानुभयो ?**
**लामा :** त्यो समयमा विदेश जाने लहर थियो । यता कामको थोरै पारिश्रमिक थियो । परिवार धान्न मुस्किल हुने अवस्था थियो र आर्थिक दवावका कारण विदेशिएको हुँ ।

**समाज : विदेशको अनुभव कस्तो थियो ?**
**लामा :** म विदेश गएपछि पैसा त थियो तर धेरै झन्झटहरु भोगें । दिनको १८ घण्टा काम गर्नु पर्थ्यो । निन्द्रा नपुग्ने र काम पनि धेरै गाह्रो हुने । यत्तिको मिहिनेत त मैले आफ्नो देशमा गरेको भए भन्ने सम्झिएँ र स्वदेश फर्किएर आएँ ।

**समाज : तपाई शिक्षाशास्त्र अध्ययन गर्नुभएको मान्छे, र शिक्षण पेशामा पनि हुनुहुन्थ्यो । तपाईले आफ्नो भविष्य कस्तो देख्नुहुन्थ्यो ?**
**लामा :** मलाई शिक्षण पेशा सानोदेखि नै मन पर्ने पेशा हो । जब म पढाउन कक्षा कोठाका जान्छु मलाई छुट्टै उर्जा मिल्छ । र म यो पेशामा आफ्नो भविष्य सुन्दर देख्छु ।

**समाज : तपाईले परीक्षाका लागि कसरी तयारी गर्नुभयो ? अरूको प्रतिक्रिया के थियो ?**
**लामा :** म जे सोच्छु त्यसमा गहिरो लाग्ने गर्छु । परीक्षाका लागि आफैंले पढें । र परीक्षामा सफल भएँ । परीक्षाको तयारी ट्युसनमा मात्र सीमित नभई स्वअध्ययन गरें । यसबीच मलाई मेरो परिवारको पनि साथ थियो ।

**समाज : तपाईले सोच्नु भएको विद्यालय पाउनुभयो ?**
**लामा :** मलाई विद्यार्थी धेरै भएको र धेरै मिहिनेत गर्नुपर्ने विद्यालय चाहिएको थियो । तर यो विद्यालय त्यस्तो छैन । विद्यार्थी संख्या थोरै भए पनि त्यसैलाई १०० मा १०० नतिजा ल्याउने बनाउन सके त्यो पनि उपलब्धि हुन्छ ।

## हेटौंडा शहरको...

थप्न सकिन्छ । ती जङ्गलले पनि खुसियाली मनाउलान् । मनकामना र चुरे पहाड तलका सार्वजनिक खाली जमिनमा त्यस्ता उपयोगी विरुवाहरु रोप्नै पर्दछ । नदी, खोला, रोडका किनारा तथा चौताराहरुमा वृक्षरोपण गर्दा यस शहरको भौतिक विकासमा टेवा पुग्दछ । यस शहरको वायुप्रदुषण कम गर्न र सुन्दरता बढाउन प्रत्येक वडामा एक घर एक वृक्ष र बीस फुल रोप्ने कामलाई प्राथमिकता दिनु पर्दछ ।

**८) पंक्षी र जनावर पालन :** मनकामना र फरेष्ट्री जङ्गल घेरेर मयुर, कालिज, वन कुखुरा, तित्रा आदि धेरै नउड्ने चराहरु तथा मृग, खरायो आदि उफ्रेर नभाग्ने जनावर पालेर यस सहर को भौतिक र मूल्य बढाउन सकिन्छ । तिनलाई घरभित्र थुनेर पाल्नु चाहिँ उपयुक्त हुँदैन । नियममा बस्न चाहने सभ्य मानिस जस्ता चरा र जनावर हुँदैनन् । तिनीहरु प्रकृतिमा विचरण गर्न चाहन्छन् ।

**९) पार्क र चौतारो निर्माण :** यस शहरका प्रत्येक चौबाटो, त्रिबाटो र दोबाटोहरुमा चौतारो र साना-साना पार्क निर्माणको खाँचो छ । हुप्रचौर र पानीखरी निकट खेलमैदान लगायतका सार्वजनिक स्थलहरुमा चौताराहरु बनाउनु पर्दछ । शहरको सुन्दरता र सुविधा पूर्वाधारका रुपमा भौतिक विकासलाई प्राथमिकता दिनै पर्दछ । हेटौंडा शहरले सबै प्रकारका भौतिक विकासको माग गरेको छ । मानिसको सोच, काम गर्ने जागरुक मन-शक्तिको प्रयोग र आर्थिक साधनले नै भौतिक विकास हुन्छ । हेटौंडा शहरका बासिन्दा तात्कालिक र दिर्घकालिक योजनाका साथ यसको विकासमा लाग्नु पर्दछ ।

*हेटौंडा-५, समृद्धिटोल*

## सच्याइएको

सच्याइएको: मिति २०८१ बैशाख २० गतेको समृद्ध समाज दैनिकको प्रथम पृष्ठमा प्रकाशित "थुनामुक्त गरिदिन्छु भनी रकम लिने व्यक्ति पक्राउ" शीर्षकको समाचार र समाचार विवरण असावधानीवस फरक-फरक भएकाले सच्याइएको छ । **सम्पादक ।**

**समृद्ध समाज राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com

## सम्पर्कमा आउने बारे

यस संजीवनी बचत तथा ऋण सहकारी संघ लि. हेटौंडा-५ (प्रथमपक्ष) रिटर्नी कृषि तथा पशुपालन कम्पनी लि. (दोस्रो पक्ष) रहने गरी प्रथम पक्षको नाममा रहेको संजीवनी बचत तथा ऋण सहकारी संस्था लि.को आफ्नो भवनमा रहेको २ सटर भएको ४ कोठा र उक्त संस्थाको खाली जग्गामा मिति २०७९ साल भाद्र ०१ गते भाडामा दिने भन्ने भएको सम्झौताअनुसार दोस्रो पक्षले भाडा पनि नदिएको र सम्पर्क गर्दा सम्पर्क पनि हुन नसकेको र केही जिन्सी सरसामान भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रिटर्नी कृषि तथा पशुपालन कम्पनी लि. का अधिकारीलाई सहकारीमा संस्थामा आई सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै सम्पर्कमा नआएमा कानुन वमोजिम हुने व्यहोरा जानकारी गराउँदछौं ।

**संजीवनी बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-५, पिप्ले**

# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

## गर्मी मौसममा स्वास्थ्यको ख्याल कसरी गर्ने ?

यतिबेला उच्च गर्मीको मौसम छ । गर्मीको मौसममा शरीरमा आलस्यता बढ्नु, चक्कर लाग्नु, शरीरमा क्याल्सियमको कमी हुनु, मुर्छा पर्नु लगायतका समस्याको सामना गर्नुपर्ने हुन्छ । गर्मीमा धेरै मात्रामा पानी पिउनु पर्छ भन्ने सबैले जानेका छौँ । तर, त्यसबाहेक अरु के गर्दा शरीरमा फूर्ति बढ्छ आउनुहोस् जानौं ।

**मौसम अनुसारको खानपिन:** मौसम अनुसारको खानपानले गर्मीबाट हुने समस्याबाट छुट्कारा पाउन सकिन्छ । त्यस्तै शीतलताका लागि खर्बुजा प्रयोग गर्नु राम्रो मानिन्छ गर्मीमा । खर्बुजामा ९० प्रतिशत पानीको मात्रा हुने भएकोले यसलाई दैनिकरुपमा प्रयोगमा ल्याउन सकिन्छ । त्यस्तै हरियो तरकारी, मौसम अनुसारको फल र हल्का तथा रेशादार खानेकुरा खाँदा गर्मीका कारण शरीरमा बढेको तापमान कम गर्न सकिन्छ ।

**सलाद:** सलादमा ९५ प्रतिशत पानी हुने र प्रोटिनको मात्रा पनि बढी हुनु अनि सलादमा ओमेगा ३ फाइबर र क्याल्सियम समेत पाइने भएकोले गर्मीमा सलाद खानु अत्यन्तै उत्तम मानिन्छ ।



सलादमा फाइबरको मात्रा बढी हुने भएकोले यसले पाचनतन्त्रमा पनि सहयोग गर्छ ।

**ब्रोकाउली:** ब्रोकाउलीमा ८९ प्रतिशत पानी हुन्छ । यसले तपाईलाई गर्मीबाट बचाउन मद्दत गर्दछ ।

**स्याउ:** स्याउमा ८९ प्रतिशत पानी हुन्छ । स्याउ फाइबर, भिटामिन र धेरै मात्राका अन्य पोषकतत्वको राम्रो स्रोत मानिन्छ । त्यस्तै अनारले पानीको मात्रा पुरा गर्न सहयोग गर्दछ ।

**चामलको भात:** मानिसको स्वास्थ्यका लागि भात भन्दा बढी रोटी फाइदाजनक मानिन्छ । तर, स्वास्थ्यविज्ञहरुका अनुसार गर्मीमा भात पानीको राम्रो स्रोत मानिन्छ । भातले शरीरमा पानीको मात्रा पूरा गर्न सहयोग गर्दछ । भातमा आइरन, कार्बोहाइड्रेट र अन्य तत्व प्रचुरमात्रामा पाइन्छ ।

**दही:** गर्मीमा पानीको कमि पूरा गर्नका लागि दही अत्यन्तै फाइदाजनक मानिन्छ । दहीमा ८५ प्रतिशत पानीको मात्रा हुन्छ ।

**हरिया तरकारीहरू:** गर्मीको मौसममा लौका, करेला, फर्सी, काँक्रा, परवल, भिन्डी र सागसब्जीहरू भान्सामा बढी प्रयोग गर्नुहोस् ।

**सरसफाइमा विशेष ध्यान दिनुहोस:** गर्मीका कारण विभिन्न रोगको संक्रमण बढ्ने खतरा हुन्छ । त्यसकारण सरसफाइमा विशेष ध्यान दिनुहोस् । गर्मीका बेला धेरै समय बाहिर नरहनुहोस् । शरीरमा पानी कम हुन नदिन विशेष ध्यान दिनुहोस् ।

**गर्मीमा के नगर्ने ?**

खानामा धेरै मसला र तेल प्रयोग नगर्नुहोस् । बासी खानेकुरा नखानुहोस् । मासु कम खानु होस् । बाहिर निस्कँदा पानी पिएर निस्कनुहोस् । सकेसम्म शरीरलाई कपडाले छोप्नुहोस् ।

# श्री भानु माध्यमिक विद्यालय

मकवानपुरगढी-३, मक्रान्चुली

## सामग्री खरिद सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।०१।२१*

यस श्री भानु माध्यमिक विद्यालयलाई शिक्षा विकाश निर्देशनालय, बागमति प्रदेश, हेटौंडाबाट नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत आ.व. २०८०/०८१ मा विद्यालयका लागि ICT Lab सामग्री खरिद कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त आपूर्तिकर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपसिल:**
१. यो सूचना समृद्ध समाज राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिनसम्म विद्यालय समय बेलुका ४:०० बजे भित्र नविल बैंक लिमिटेड, हेटौंडामा रहेको यस विद्यालयको चल्ति खाता नं. १२१०१०१७५००२८४ मा जम्मा गरेको रु १,०००।- को बैंक भौचर संलग्न गरी यस विद्यालयको लेखा शाखाबाट दरभाउपत्र फारम खरीद गर्न सकिने छ । सिलवन्दी दरभाउपत्र फारमको साथमा आयकर दर्ता प्रमाण-पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र र आ.व.२०७९।०८० सम्मको करचुक्ता प्रमाण-पत्रहरुको प्रतिलिपी पेश गर्नु पर्नेछ । सिलवन्दी दरभाउपत्र साथ पेश गरिने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनुपर्नेछ ।
२. खरिद भएका दरभाउपत्रहरु १६ औं दिनको ठिक १२:०० बजे भित्र यस विद्यालयको नाममा सम्बोधन गरी सिलवन्दी दरभाउपत्रदाताले फर्मको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना नम्बर अनुसार कामको विवरण उल्लेख गरी खाममा शिलबन्दी गरी लाहाछाप लगाई यस विद्यालयमा दर्ता गराउन सकिनेछ ।
३. सिलवन्दी दरभाउपत्र साथ जमानत वापतको रकम नविल बैंक लिमिटेड, हेटौंडामा रहेको यस विद्यालयको चल्ति खाता नं. १२१०१०१७५००२८४ मा जम्मा गरेको बैंक भौचर वा सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ९० दिन मान्य अवधी रहने गरी नेपाल सरकारबाट मान्यता प्राप्त नविल बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको विडबण्ड (बैंक ग्यारेन्टी) संलग्न राख्नु पर्नेछ ।
४. दरभाउपत्रमा आइटमवाइज दररेट अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा स्पष्टसँग दस्तखत भएको हुनु पर्नेछ ।
५. दरभाउपत्रमा उल्लेखित सबै आइटमहरुको मू.अ.कर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ ।
६. म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे यस विद्यालयको विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरु र आपूर्तिकर्ता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस विद्यालयमा खोलिने छ । आपूर्तिकर्ता वा प्रतिनिधि उपस्थित नभए पनि उक्त कार्य गर्न बाधा पर्ने छैन ।
७. सिलवन्दी दरभाउपत्र फाराम दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगतै भोलिपल्ट विद्यालय खुलेको दिन उक्त कार्यहरु क्रमश: गरिने छ ।
८. म्याद नाघी आएको वा रित नपुगी आएको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
९. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।
१०. सिलवन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भए बमोजिमका सबै शर्तहरु पुरा हुनु पर्नेछ ।
११. आपूर्तिकर्ता र विद्यालय बीच कुनै विवाद भएमा विद्यालयको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।
१२. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा सुरक्षित रहनेछ ।
१३. सिलवन्दी दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्न परेमा यस विद्यालयको लेखा शाखामा सम्पर्क गर्न सकिनेछ ।

**सिलवन्दी दरभाउपत्रको विवरण**

| सि.नं | ठेक्का नम्बर | कार्य विवरण | जमानत | फारम शूल्क (पछि फिर्ता नहुने) |
|---|---|---|---|---|
| १ | १/०८०/८१ | Purchase Of ICT Lab Item | २५,०००।- | १,०००/- |

# रोटरी क्लब हेटौंडाद्वारा सेतीदेवी विद्यालयमा पोशाक सहयोग

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ हेटौंडाले सेतीदेवी आधारभूत विद्यालयका विद्यार्थीलाई विद्यालय पोशाक सहयोग गरेको छ। क्लबले बिहीबार एक समारोहबीच मकवानपुरको बकैया गाउँपालिका-१२ को सेतीदेवी आधारभूत विद्यालयमा अध्यनरत विद्यार्थीहरुका लागि आवश्यक ट्रयाकसुट र टिसर्ट सहयोग गरेको हो।




विद्यालयमा कक्षा नर्सरीदेखि ८ कक्षासम्म अध्ययन गर्ने १ सय ६० जना विद्यार्थीहरुका लागि विद्यालयको पोशाक सहयोग गरिएको रोटरी रनर नेशनल भुटान ३२९२ का असिस्टेन्ट गभर्नर रामप्रसाद शर्माले जानकारी दिनुभएको छ।

क्लबले नवोदय शिशु सदन हेटौंडाका निर्देशक दीपेश जोशीसँगको संयुक्त सहयोगमा एक लाख ७५ हजार रुपैयाँ बराबरको सामग्री वितरण गरेको गभर्नर शर्माले बताउनुभयो। विद्यालयका प्रधानाध्यापक गोमा श्रेष्ठ रानाभाट र व्यवस्थापन समितिका अध्यक्ष यमरत्न भुलनले विद्यार्थीहरुका लागि सहयोगको अपेक्षा गरेको उहाँले बताउनुभयो। प्रधानाध्यापक रानाभाट र व्यवस्थापन समितिका अध्यक्षको अपेक्षालाई मध्यनजर गरेर करिब एक महिना पहिला विद्यालयको अवस्थाबारे अनुगमन गरेको उहाँले बताउनुभयो।

रोटरी क्लब अफ वर्दिवासका पूर्वसचिव दिनेश श्रेष्ठले सहयोगका लागि क्लबसँग प्रस्ताव गरेको बताउनुभयो। विद्यालयले गरेको सिफारिसअनुसार विद्यालय जंगल नजिक दुर्गम क्षेत्रमा भएकाले पोशाक सहयोग गरेको उहाँको भनाइ छ। मकवानपुरका विभिन्न विद्यालयहरुमा सहयोग गरेको रोटरी क्लबले नयाँ शैक्षिक सत्रको पहिलो कार्यक्रममा सेतीदेवी विद्यालयलाई सामग्री सहयोग गरेको उहाँले बताउनुभयो।

गरिब तथा विपन्न परिवारका विद्यार्थीहरुलाई पोशाकको अभाव नहोस् भन्ने उद्देश्यले पोशाक सहयोग गरेको हो। क्लबले कक्षा-११ देखि स्नातक तह तेस्रो वर्षसम्मका विद्यार्थीहरुका लागि पनि छात्रवृत्ति प्रदान गर्ने गरेको छ। विद्यार्थीहरुको क्षमता र विद्यार्थीहरुको आर्थिक अवस्थालाई मूल्यांकन गरेर विद्यार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था मिलाउने गरेको उहाँको भनाइ छ। मनहरी गाउँपालिकाको राष्ट्रिय रोटरी माध्यमिक विद्यायलका १० जना, हेटौंडा-१६, हटियास्थित जनप्रिय प्राविधिक शिक्षालयका १ जना, मकवानपुर बहुमुखी क्याम्पसका १ जना र हेटौंडा-१९ बस्तीपुर स्थित निर्मल माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था मिलाएको क्लबले जनाएको छ।

# साइवर अपराधसम्बन्धी चेतनामूलक कार्यक्रम




साइवर अपराधसम्बन्धी सचेतनामूलक कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगरप्रमुख मीनाकुमारी लामा।

समाज संवाददाता

हेटौंडाः हेटौंडामा साइवर सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम भएको छ। राष्ट्रिय सूचना दिवसको अवसरमा कम्प्युटर एसोसिएसन महासंघ नेपाल (क्यान) मकवानपुरको आयोजनामा हेटौंडा-५, पिप्लेस्थित बालज्योति माध्यमिक विद्यालयमा साइबल सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम भएको हो।

क्यान मकवानपुरका अध्यक्ष शिवकुमार श्रेष्ठको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। कार्यक्रममा सामाजिक सञ्जालको माध्यमबाट बढ्दै गएको अपराधको बारेमा जानकारी गराइएको छ।

पछिल्लो समयमा साइबर अपराधको घट्ना बढ्दै गएकाले विद्यालयका विद्यार्थीहरुलाई साइबर अपराधबाट बच्ने उपायबारे जानकारी गराउन कार्यक्रम गरेको क्यान मकवानपुरका सचिव गोविन्द चौलागाईले बताउनुभएको छ। विद्यार्थीहरुले प्रविधिको प्रयोग अत्यधिकरुपमा गर्ने भएकाले सामाजिक सञ्जालको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरुको बारेमा र अनावश्यक लिंकहरुबाट बच्ने उपायहरुबारे जानकारी गराउनका लागि कार्यक्रम गरेको उहाँको भनाइ छ। पैसा तथा अन्य महङ्गो उपहारको लोभलालचमा परेर कुनै प्रकारको अनावश्यक लिंकमा थिच्न नहुने उहाँले बताउनुभयो।

विद्यार्थीहरुले सामाजिक सञ्जालको प्रयोग गर्दा अनावश्यक लिंकमा क्लिक गरेर साइबर अपराधमा पर्ने र पैसा लुटिने भएकाले सचेत गराउनका लागि यस्तो प्रकारको कार्यक्रमहरु गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले सबै मानिसहरु नेपालमै बसेर प्रविधिसँग लडेर नेपाललाई अगाडि बढाउने काममा लाग्नुपर्ने बताउनुभएको छ। सबैले आफूमा भएको क्षमतालाई निहाल्न सक्नुपर्ने उहाँले बताउनुभयो। विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई पढाइलाई राम्ररी प्राथमिकता दिएर दक्ष जनशक्ति उत्पादन गर्ने कार्यमा लाग्नुपर्ने बताउनुभयो। प्रविधिमा धेरै कुराहरु हुने भएकाले प्रविधिको बारेमा सबैलाई जानकारी हुनुपर्ने नगर प्रमुख लामाले बताउनुभयो। सूचना प्रविधिका विभिन्न कार्यक्रमहरु क्यानसँग सहकार्य गरेर हुने उहाँको भनाइ छ।

कार्यक्रममा क्यानले देशैभरि सूचना प्रविधि दिवसको अवसरमा साइबर अपराधसम्बन्धी सचेतनामूलक कार्यक्रमहरु आयोजना गरेको बताइएको छ। क्यान मकवानपुरका सचिव चौलागाईले क्यानको उद्देश्यका बारेमा जानकारी गराउनुभयो। कार्यक्रममा बालज्योति माविका विद्यार्थी र अन्य गरी ९५ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा साइबर अपराधसम्बन्धी प्रशिक्षण क्यान महासंघ मकवानपुरका कोषाध्यक्ष श्रीराज खतिवडा दिनुभएको थियो। साइबर अपराधको घटनालाई न्यूनीकरण गर्नका लागि यस्ता प्रकारको कार्यक्रमको आयोजना विभिन्न क्याम्पस, टोलहरुमा गर्न आवश्यक रहेको उहाँले दावी गर्नुभयो।

कार्यक्रममा क्यान महासंघ नेपालका सचिव भुपालदास श्रेष्ठ, ५ नम्बर वडा सदस्य रञ्जिता सिलवाल, क्यान बागमती प्रदेश अध्यक्ष पुष्पराज पुडासैनी, बालज्योती मावि पिप्लेका अध्यक्ष रवीन्द्रनाथ पोखरेल, विद्यालयका प्रधानाध्यापक भरत अर्याललगायतको आतिथ्य रहेको थियो।

# घर जल्दा दम्पतीको मृत्यु

काठमाडौंः धादिङको थाक्रे गाउँपालिका-२, गैरीखर्कमा आगलागीमा परी एक दम्पतीको मृत्यु भएको छ। बुधबार राति आगोमा जलेर घरभित्रै रहेका ७० वर्षीय तेजबहादुर लामा र उनकी श्रीमती ठूली तामाङको घटनास्थलमै मृत्यु भएको हो।

बुधबार राती साढे ११ बजे प्रहरीले आगलागीको खबर पाएको जनाएको छ। नजिकको हाप्सेचौर अस्थायी प्रहरी पोष्टबाट प्रहरी टोली पुग्दा घर पूरै जलिरहेको थियो। 'दमकल जाने स्थिति पनि थिएन, राति साढे १२ बजे आगो निभ्यो, भित्र हेर्दा दुई जनाको मृत्यु भएको देखियो,' जिल्ला प्रहरी कार्यालय धादिङका प्रवक्ता मकेन्द्र मिश्रले भने। आगोमा जलेर अन्न, लत्ताकपडा, मकै पिस्ने मेसिन लगायत सबै जलेको छ। धनमाल क्षतिको विवरण संकलनका लागि इन्सपेक्टरको कमाण्डमा प्रहरी टोली खटिएको छ।

स्रोतः अनलाइनखबर।

# करेन्ट लागेर एक जना घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको बागमती गाउँपालिका-२, बेलारदहमा करेन्ट लागेर एक जना घाइते भएका छन्। घाइते हुनेमा ५५ वर्षीय गोपाल पहरी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बुधबार बेलुका ५ बजेर ३० मिनेटको समयमा बागमती खोलामा रत्न पहरी र ज्ञानबहादुर थिडले रांगा चराउने क्रममा बागमती खोलाबाट तरकारी बालीमा लैजान स्थानीयले राखेको मोटर चलाएको पानीमा परी करेन्ट लागेर २ वटा राँगासमेत मरेको थियो। राँगा जोगाउने क्रममा करेन्ट लागेर गोपाल घाइते भएका थिए। घाइते गोपाललाई उपचारका लागि राईगाउँ स्वास्थ्य चौकी लगिएको प्रहरीले जानकारी दिएको छ।

# गाँजासहित मुक्तान पक्राउ

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मकवानपुरको कैलाश गाउँपालिका-१० का ४० वर्षीय पाल्साङ मुक्तान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको ना ५ ख ५२६७ नम्बरको यात्रुवाहक बसलाई रोकी सुरक्षा जाँच गर्दा बसमा सवार मुक्तानको साथबाट ५ किलो लागूऔषध गाँजा बरामद गरेको थियो। लागूऔषध गाँजासहित मुक्तानलाई नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर लगिएको र बसलाई गन्तव्यतर्फ पठाइएको छ।

# गोठमा आगलागी हुँदा ६ लाखको क्षति

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१२, बरालटोलमा रहेको फूलमाया मोक्तानको गोठमा आगलागी हुँदा ६ लाख रुपैयाँ बराबरको क्षति भएको छ। बुधबार राति ८ बजेर २० मिनेटको समयमा मोक्तानको भान्सा कोठासहितको जस्ताले छाएको काठको बेरा भएको गोठमा खाना बनाउने क्रममा आगो सल्कन गई आगलागी भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

आगलागीबाट गोठमा रहेका गाई २ वटा र बाखा ३ वटा जली मृत्यु भएको थियो। प्रहरी टोली खटी गई नेपाल प्रहरी, हेटौंडा उपमहानगरपालिकाको दमकल र स्थानीयको सहयोगमा राति ९ बजेको समयमा आगो पूर्णरुपमा नियन्त्रणमा लिएको थियो। आगलागीबाट मानवीय क्षति नभएको प्रहरीले जानकारी दिएको छ।

# चेपाङको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको कालिका नगरपालिका-११, मझवाइमा एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा २५ वर्षीय जीतबहादुर चेपाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बुधबार चेपाङ घर नजिकै बाटोमा एक्कासी लडी बेहोस भई उपचारको लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

## 'अन्तरवडा भेट्रान्स फुटबल प्रतियोगिता

# वडा नम्बर ९ सेमिफाइनलमा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी दोस्रो संस्करणको मोहन श्रेष्ठ स्मृति अन्तरवडास्तरीय भेट्रान्स फुटबल प्रतियोगिताको सेमिफाइनलमा ९ नम्बर वडा प्रवेश गरेको छ। लामसुरे खेलकुद विकास समितिको आयोजनामा हेटौंडा-९ स्थित अद्योगिक फुटबल चौरमा भएको क्वार्टरफाइनल खेलमा १५ नम्बर वडालाई २-० गोल अन्तरले हराउँदै ९ नम्बर वडा सेमिफाइनलमा प्रवेश गरेको हो। ९ नम्बर वडाको जितमा अखिललाल श्रेष्ठ र मदन श्रेष्ठले समान एक-एक गोल गरेका हुन्। खेलको म्यान अफ द म्याच अखिल घोषित भएका छन्।

प्रतियोगितामा १४ वटा वडाहरुको सहभागिता रहेको छ। प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख ११ हजार एक सय ११ रुपैयाँ र उपविजेता टिमले ६५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल, प्रमाणपत्र प्राप्त गर्नेछन्। सेमिफाइनलमा पराजित हुने दुईवटा टिमले १५-१५ हजार रुपैयाँ तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक तथा अन्य विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि ५-५ हजार रुपैयाँको नगद राशिको व्यवस्था गरिएको छ। प्रतियोगिताको फाइनल खेल आउँदो शनिबार हुनेछ। प्रतियोगिता आयोजनाका लागि ९ नम्बर वडा कार्यालयले ५ लाख रुपैयाँको बजेट विनियोजन गरेको छ।

# भुजेल र गिरीलाई श्रीचन्द्र शर्मा स्मृति सम्मान




भुजेल र गिरीलाई सम्मानपछि खिचिएको तस्वीर।

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी फाउण्डेसन मकवानपुरले कम्युनिष्ट नेता ज्ञानबहादुर भुजेल र सेवानिवृत्त सहप्राध्यापक युवराज गिरीलाई सम्मान गरेको छ। फाउण्डेसनले भुजेल र गिरीलाई श्रीचन्द्र शर्मा स्मृति सम्मान प्रदान गरेको हो। १५ हजार पाँच सय ५५ रुपैया राशिसहित भुजेल र गिरीलाई सम्मानपत्र प्रदान गरिएको छ।

हेटौंडामा बिहिबार एक कार्यक्रमका बीच बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले भुजेल र गिरीलाई सम्मानपत्र प्रदान गर्नुभयो। फाउण्डेसनका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा भएको कार्यक्रममा भुजेलले नेपाली राजनीतिमा पुऱ्याउनुभएको योगदानको सम्मान गरेको उल्लेख गरिएको छ भने गिरीले मकवानपुर जिल्लाको उच्च शिक्षाको विकासमा पुऱ्याउनुभएको योगदानको सम्मान गरेको उल्लेख गरिएको छ।

# सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपतिमा पन्त नियुक्त

काठमाडौंः सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपतिमा प्रा.डा. हेमराज पन्त नियुक्त भएका छन्। विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बिहीबार पन्तलाई उपकुलपति नियुक्त गरेका हुन्।

उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले मंगलबार सुदूरपश्चिम विश्वविद्यालयको रिक्त उपकुलपति पदका लागि प्रा. डा. हेमराज पन्त, प्रा. डा. अक्कलदेव मिश्र र प्रा. डा. भवानीदत्त जोशीको नाम सिफारिस गरेको थियो। योग्यताक्रमको आधारमा पन्तलाई उपकुलपतिमा नियुक्त गरिएको प्रधानमन्त्री कार्यालयले जनाएको छ। पन्त पुल्चोक इन्जिनियरिङ क्याम्पसको अप्लाइड साइन्स एन्ड केमिकल इन्जिनियरिङ विभागका विभागीय प्रमुख हुन्। सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपति पद १८ फागुनबाट रिक्त थियो।

स्रोतः अनलाइनखबर।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवाप्रति विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ४० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्ध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ